यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्क बहादुर खड्का ज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बैठक बसि देहायका प्रशताव उपर छलफल गरि निर्णय गरियो।

बैठक नं. १४०

मिति:-२०८२/०५/१४

समय:- बिहानको ११:०० बजे

स्थान:- नगर कार्यपालिका भवन बाँसगढी ,बर्दिया

<u>बैठकमा भएको उपस्थिति:</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खड्क बहादुर खड्का | नगर प्रमुख | |
| २ | इन्दिरा चौधरी | नगर उपप्रमुख | |
| ३ | जयराज पाण्डे | कार्यपालिका सदस्य | |
| ४ | अर्जुन कुमार खड्का | कार्यपालिका सदस्य | |
| ५ | रामचन्द्र थारु | कार्यपालिका सदस्य | |
| ६ | कृष्णप्रसाद बास्तोला | कार्यपालिका सदस्य | |
| ७ | दहवा थारु | कार्यपालिका सदस्य | |
| ८ | लाल बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| ९ | बलिराम चौधरी | कार्यपालिका सदस्य | |
| १० | तुलप्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११ | चन्द्र बहादुर शाही | कार्यपालिका सदस्य | |
| १२ | बुद्धिमाया सार्की | कार्यपालिका सदस्य | |
| १३ | सरिता तिवारी | कार्यपालिका सदस्य | |
| १४ | मनिता चौधरी | कार्यपालिका सदस्य | |
| १५ | राधिका रावत | कार्यपालिका सदस्य | |
| १६ | जेनिसा वली | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७ | गगन सिं बि. क. | कार्यपालिका सदस्य | गगन |
| १८ | याम बहादुर सुनार | कार्यपालिका सदस्य | |
| १९ | भद्र बहादुर परियार | कार्यपालिका सदस्य | |
| २० | नेब बहादुर वली | सचिव | |

<u>बैठक ब्यवस्थापनमा उपस्थित कर्मचारीहरु</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | |
|---|---|---|---|---|
| १ | धन ब. चन्द | ले. अ. | | |
| २ | खड्ग ब. वली | प्र.अ. | | |
| ३ | बलराम पौडेल | इन्जिनियर | | |
| ४ | कुल ब. बिष्ट | अ.स.इं. | | |
| ५ | राजु चौधरी | ना.सु. | | |

६. वासुदेव पौडेल स.ले.प.

७. नविन मल्ल IT officer

८. घनश्याम तिवारी प.स्वा.अ.

बाँसगढी नगरपालिका नगर कार्यपलिको  बैठक नं.१४० मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८२/०५/१४ समय:बिहानको ११:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर खड्का

प्रस्ताव नं.: १

प्रस्तावको विषय: खरिद योजना,कार्यसम्पादन कार्ययोजना र कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : खरिद योजना,कार्यसम्पादन कार्ययोजना र कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिकाको चालु आ.ब. २०८२।०८३ को बिनियोजित बजेटलाई बार्षिक रुपमा कार्यान्वयन गर्नको लागि बार्षिक खरिद योजना,कार्यसमपादन कार्य योजना र कार्यतालिका स्वीकृत गर्ने।

प्रस्ताव नं.: २

प्रस्तावको विषय: निर्माण ब्यवसायीको ठाउँसारी सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : निर्माण ब्यवसायीको ठाउँसारी सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रक्षक निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.बाँसगढी ९ बर्दियाले साबिक भेरी नगरपालिका जाजरकोट बाट बाँसगढी नगरपालिका वडा नं. ९ बर्दियामा कार्यालय रहने गरी ठाउँसारीका लागि निबेदन पेश गरेकोले बाँसगढी नगरपालिकाको 'घ' बर्गको निर्माण ब्यवसायी इजाजत पत्र (पहिलो संशोधन) २०७५ को दफा ७ को उपदफा १ बमोजिम ठाउँसारीको लागि अनुमति दिने।

प्रस्ताव नं.: ३

प्रस्तावको विषय: 'घ' बर्गको निर्माण ब्यवसायी इजाजत कार्यबिधि संशोधन गर्ने सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : 'घ' बर्गको निर्माण ब्यवसायी इजाजत कार्यबिधि संशोधन गर्ने सम्बन्धमा ।

भएको निर्णय : 'घ' बर्गको निर्माण ब्यवसायी इजाजत कार्यबिधि,२०७५ को दफा ३ इजाजत पत्रको अवधि र नविकरण सम्बन्धी ब्यवस्थालाई तपसिल बमोजिम संशोधन गर्ने।

तपसिल

| संशोधन हुने दफा/अनुसूची | संशोधन भएको |
|---|---|
| दफा ३ को उपदफा ३ मा भएको ब्यवस्था | उप दफा २ बमोजिम म्याद नाघेका निर्माण ब्यवसायीले सबै प्रकृया पुरा गरी इजाजत पत्र नबिकरण गराउन चाहेमा अनुसूचि २ बमोजिमको थप दस्तुर तिरी १ पटकको लागि नबिकरण गराउन सकिनेछ। |
| अनुसूची २ मा भएको ब्यवस्था | कार्यबिधीको दफा २ को उपदफा १ र दफा ३ को उपदफा ३ संग सम्बन्धीत<br>१. 'घ' बर्गको निर्माण ब्यवसायीको इजाजत पत्र दस्तुर रु.५०,०००।– (पचास हजार)<br>२. 'घ' बर्गको निर्माण ब्यवसायीको इजाजत पत्र नबिकरण दस्तुर असोज मसान्त सम्म रु.१०,०००।– (दश हजार) |

...नगरपालिकाको कार्यालय बाँसगढी, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

...नेत्र बहादुर वली
...प्रशासकीय अधिकृत

| | |
|---|---|
| | ३. 'घ' बर्गको निर्माण व्यवसायीको इजाजत पत्र नबिकरण थप दस्तुर पौष मसान्त भित्र रु.६,०००।– (सोह्र हजार)<br>४. 'घ' बर्गको निर्माण व्यवसायीको इजाजत पत्र नबिकरण थप दस्तुर असार मसान्त भित्र रु. १०,०००।– (दश हजार)<br>५. 'घ' बर्गको निर्माण व्यवसायीको इजाजत पत्र नबिकरण थप दस्तुर एक आर्थिक बर्ष भित्र नबिकरण नगरेमा प्रति आ.ब. रु. १५,०००।– (पन्ध्र हजार)<br>६. 'घ' बर्गको निर्माण व्यवसायीको इजाजत पत्र नामसारी दस्तुर रु.५,०००।– (पाँच हजार)<br>७. 'घ' बर्गको निर्माण व्यवसायीको इजाजत पत्र ठाउँसारी दस्तुर रु.३,०००।– (तिन हजार)<br>८. 'घ' बर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्रतिलपी दस्तुर रु.१,५००।– (एक हजार पाँच सय) |

प्रस्ताव नं.: ४

प्रस्तावको विषय: धरौटी रकम सदरस्याह गर्ने सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बाँसगढी नगरपालिकाको धरौटी रकम सदरस्याह गर्ने सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिकाको धरौटी खातामा आ.ब.२०७४।०७५ देखी आ.ब.२०७९।०८० सम्म बिभिन्न कार्यका लागि बिभिन्न फर्म/संस्था/ब्यक्ति/सप्लायर्स/निर्माण ब्यवसायीको राखिएको धरौटी रकम हाल सम्म फिर्ता लिन नआएको देखिएकोले धरौटी खातामा रहेको उक्त रकममा दाबी सहित आवश्यक कागजात पेश गर्न ३० दिने सार्वजनिक सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्ने र नियमानुसारको कागजात पूरा भई आएमा धरौटी रकम फिर्ता दिने र उल्लेखित अवधि भित्र कोही कसैको दाबी नपरेको वा नियमानुसारको कागजात पेश गर्न नसकेमा सो धरौटी रकम सदरस्याहा गरी आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६७ र ६८ बमोजिम राजश्व खतामा आम्दानी बाँध्ने नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

प्रस्ताव नं.: ५

प्रस्तावको विषय: BPH छात्रबृत्तिको बिषय सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : BPH छात्रबृत्तिको बिषय सम्बन्धमा ।

भएको निर्णय : नेपाल सरकारले उपलब्ध गराउने BPH छात्रबृत्तिमा यस बाँसगढी नगरपालिकामा कार्यरथ कर्मचारीहरु सहभागी हुन इच्छुक भएमा सहभागीताको लागि अनुमति दिने।

प्रस्ताव नं.: ६

प्रस्तावको विषय: स्वास्थ्य संस्थामा सातौं तहको करार कर्मचारी बिज्ञापन गर्ने सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : स्वास्थ्य संस्थामा सातौं तहको करार कर्मचारी बिज्ञापन गर्ने सम्बन्धमा ।

नगरकार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

... बहादुर पली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

भएको निर्णय : संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत जनस्वास्थ्य अधिकृत सातौं तह करार सेवा लिनको लागि बिज्ञापन गर्ने ।

प्रस्ताव नं.: ७

प्रस्तावको विषय: आर्थिक सहायता सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : आर्थिक सहायता सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बिभिन्न मितिमा आर्थिक सहयोगको लागि माग भई आएको हुँदा निम्न अनुसारका ब्यक्तिहरुलाई अन्य सामाजिक सुरक्षा शीर्षक तथा प्रकोप व्यवस्थापन कोष बाट तपसिल अनुसारको आर्थिक सहयोग प्रदान गर्ने ।

तपसिल

| सि. नं. | ब्यक्तिको नाम र ठेगाना | सहयोग गर्नु पर्ने कारण | सहयोग गर्ने निर्णय भएको रकम | रकम ब्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | एकरार हुसेन गुजर बाँसगढी ३ बर्दिया | निजको मोटरसाइकल दुर्घटनामा परी दायाँ हात र दायाँ खुट्टा भाचिएको उपचार भेरहेकोले थप उपचारको लागि | २०,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| २ | राम प्रसाद दमाई बाँसगढी ४ बर्दिया | निजको पत्नि कृष्ण कुमारी दमाईको दायाँ खुट्टा भाचिइ बिगत तिन महिना देखि खुट्टामा रड राखेको र उक्त रड निकाल्नको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ३ | ऐना कुमारी थारु बाँसगढी ५ बर्दिया | निजको पति बालकृष्ण थारु रुख बाट लडेर दायाँ हात र दायाँ खुट्टा भाचिएको उपचार भेरहेकोले थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ४ | तारा शर्मा बाँसगढी ५ बर्दिया | निजको छोरी बर्ष ७ को बिशेषता ढकालको मुटु सम्बन्धि बिरामी भएको उपचार भै रहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ५ | ईस्राईल गुजर बाँसगढी ३ बर्दिया | निजको मोटरसाइकल दुर्घटनामा परी दायाँ हात र दायाँ खुट्टा भाचिएको उपचार भेरहेकोले थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |

नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

देव बहादुर घली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | बलिराम अहिर बाँसगढी ७ बर्दिया | निजको छोरा दौलतराम यादवको घास काट्ने क्रममा बिद्युतिय चारा मेशिनमा हात पर्न गई दाहिने हातको हत्केला सम्म काटेकोले उपचार भैरहेकोले थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ७ | पार्वती सुनार बाँसगढी १ बर्दिया | निजको पति पर्श बहादुर सुनारको ज्याला मजदुरी गर्ने क्रममा दाहिने खुट्टा भाचिएको उपचार भैरहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |

प्रस्ताव नं.: ८

प्रस्तावको विषय: बाटुल्ले सिंचाई कूलो मर्मत तथा पूनर्निर्माणको भुक्तानी सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : बाटुल्ले सिंचाई कूलो मर्मत तथा पूनर्निर्माणको भुक्तानी सम्बन्धमा ।

भएको निर्णय :यस बाँसगढी नगरपालिका वडा नं. १ बाटुल्लेमा रहेको पक्की सिंचाई कूलो बर्षातका कारण पक्की कूलोको कैही स्थानमा अनुमानित ४५ मि. भत्केकोले कृषकहरुको खेति योग्य जमिन सिचाईको लागि तत्काल उक्त पक्की कूलो मर्मत तथा पूनर्निर्माण गर्नु पर्ने भएकाले प्राबिधिक लागत इष्टिमेट अनुसार प्रकोप ब्यवस्थापन कोष शिर्षक बाट रु.२,००,०००।–(दुई लाख रुपैया ) बिनियोजन गरी भुक्तानी दिने ।

**स्थानीय सरकार सञ्चालान ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणित गर्ने**

**नाम,थर : नेब बहादुर वली**
**कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत**
**मिति: २०८२।०५।१४ गते**

नेब बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner